# ६ एलिया र एलिशाको पछ्यौरा

*यस अध्यायको निम्ति पढ्नुहोस्:* १ राजा १९:१-१९, २ सामुयल १०:३,४, इजिकयल १६:१५,१६, १ राजा २१:२१-२९, २ राजा २:१-१८।

*स्मरण गर्नुपर्ने पद:* "परमेश्वरबाट प्रेरित भएको शोकले हाम्रा पापहरूबाट हामीलाई फर्काउँछन् र हामीले मुक्ति पाउँछौं। हामी त्यसप्रति दुःखी हुनु निश्चय नै आवश्यक छैन ! तर सांसारिक शोकले त मृत्युलाई निम्त्याउँछ।" (२ कोरन्थी ७:१० रूपान्तरित)।

बाइबलमा परमेश्वरका धेरै अगमवक्ता वा संवाददाताहरू थिए। तर एलियाको जस्तो उल्लेखनिय र रङ्गीचङ्गी अर्थात् रोचक जीवन बिताउने अगमवक्ताहरू कमै पाउँछौं। परमेश्वरमाथि राखेको अचम्मको आस्था, परमेश्वरको धैर्यता र उहाँले देखाउनुभएको शक्ति एलियाको कहानी धरोहरको रूपमा खडाभएको पाउँछौं।

आजको यहूदी धर्ममा अझैपनि एलिया महान् बीरको रूपमा खडा छन्। बाइबलमा भएका अगुवाहरूलाई दिएको सम्मानमा उनले प्रमूखता पाएका छन्।

उदाहरणमा, निस्तार चाड अर्थात् इस्रायलीहरूलाई मीश्रदेशबाट स्वतन्त्र गरिएको रातको सम्झनामा गरिने चाड यहूदीहरूले प्रत्येक वर्ष मनाउँछन् । त्यसबेला यहूदी घरमा एउटा टेबुल राखिएको हुन्छ। त्यस टेबुलमा दाखमद्यले भरिएको एक विशेष कचौरा राखेको हुन्छ। त्यो चाडको दिनमा घरको ढोका खुला गरिएको हुन्छ। त्यसबेला घरका सबै परिवार ढोकाको दायाँबायाँ उभिन्छन्। अगमवक्ता एलिया आएर त्यो कचौराबाट पिउँछन् भन्ने विश्वास तिनीहरूले गर्दछन्। "एलियाको मेच" भनेर खतनाको रितिमा अलग्गै विशेष मेच छुट्याएको

हुन्छ। र साथै प्रत्येक हप्ता सब्बथदिनको अन्तमा एलियाको बारेमा गीतहरू गाउँछन्। उनी “ हाम्रै जीवनमा दाउदको पुत्र मसिहसँगै छिट्टै आउँछन् र उद्धार गर्नेछन्" भनेर सम्पूर्ण यहूदीहरू आजपनि विश्वास गर्दछन्।

यहूदी धर्ममा एलियाको महत्वपूर्ण भूमिका के रहेछ भनेर मत्तीको पुस्तकमा उल्लेख गरिएको छ। कतिले त येशू नै एलिया हुनुहुन्छ भनेर ठानेका थिए भनेर पत्रुसले भन्दछ (मत्ती १६:१४)।

यस अध्यायमा हामीले एलिया र उनले लगाएको पछ्यौराको बारेमा पढ्नेछौं। एलिया र उनले लगाएको पछ्यौराबाट हामी आत्मिकज्ञान यस अध्यायमा सिक्नेछौं।

## १. “मधुर सुरिलो स्वर" (१ राजा १९:१-४,१३)

एलियाको जीवनकहानी पहिलो र दोश्रो राजामा वर्णन गरिएकाछन्। एलियाले आफ्नो जीवनमा राजाहरू र उनीहरूको धम्कीसँग कसरी सामना गरे भनेर ती पुस्तकहरूले बताउँछन्। तर उनको जीवनमा एक उल्लेखनिय घट्ना छ, त्यो हो दुष्ट रानी जेजबेलले उनको सातोपुल्तो लिएको । यसले गर्दा उनी आफ्नो जीउ बचाउन भागेर भूमीगत हुन्छन्।

एलिया र परमेश्वरको बिचमा कस्तो गाढा सम्वन्ध थियो भनेर १ राजा १८मा उल्लेख गरिएको कथा अत्यन्त रोचक छ। बाल देवताका पुजारीहरू र उनी कार्मेलको पहाडको टुप्पामा जम्मा हुन्छन्। बाल देवताका पुजारीहरूलाई स्वर्गबाट आगो पठाएर उनीहरूले तयार गरेको बलीलाई नष्ट पार भनेर उनले चुनौती दिन्छन्। तर त्यो काम उनीहरूले गर्न नसकेपछी एलियाले परमेश्वरसँग प्रार्थना गर्छन् र आफूले तयार पारेको र निथ्रुक्क भिजेको बलीलाई नष्ट पार्न परमेश्वरले स्वर्गबाट आगो पठाउनुहुन्छ। अनी उत्तेजित भिडले आफूहरूलाई छकाएको भनी बालदेवताका पुजारीहरूको हत्या गर्दछन्। तिन वर्ष भन्दा वढि पानी नपरेर खडेरी परेको देशमा पानी पर्नेछ भनेर राजा

आहबलाई सतर्क गराउँछन्। परमेश्वरको शक्ति एलयामा थियो। उनले आफ्नो पछ्यौरा कम्मरमा बाँध्छन् र राजा आहब भन्दा अघि जेजरियलको शहरमा बिस माइल टाडा डगुरेर जान्छन्।

परमेश्वरको सामु जाङ्गरिलो भएको व्यक्ति दवावमा परेर कस्तो फड्को मार्‍यो भनेर अर्को अध्यायमा हामी पाउँछौं।

हामी परमेश्वरको सामु जति नजिक भएको प्रत्याभूति पाएतापनि बेलाबेलामा गहिरो आत्मिक अन्धकारमा खसेको अनुभव गर्नुपर्ने रहेछ भनेर १ राजा १९:१-४ले कसरी बताउँछन्?

एलिया डिप्रेशन अर्थात् उदासमा परेर परमेश्वरसँग मृत्युको याचना गर्दछ। तर एलियाको जीवनमा परमेश्वरले काम गर्न बाँकी नै थियो। त्यसकारण परमेश्वरले उनको निराशजनक प्रार्थनाको जवाफ दिन आवश्यक ठान्नु भएन। एलियाको जीवनमा परमेश्वरले कस्तो चासो राख्नुभएको थियो र उहाँले उनलाई कस्तो माया गर्दो रहेछ भनेर देखाउन अझ प्रभावशाली प्रमाण दिन बाँकी नै थियो।

एलियाले आफ्नो अनुहार पछ्यौराले छोपेका थिए (१ राजा १९:५-१९)। यसको यथार्थ अर्थ के हो?

एलियाको सामु चर्को हुरीबतास आएको थियो, उनी उभिएको जमिन भुँइचालोले हल्लिएको थियो र उनी बसेको ठाउँमा आगोको ज्वाला निस्केको थियो। तर ती कुनै पनि दैविक प्रकोपले उनलाई तर्साएनन् र आफ्नो अनुहार डरले पछ्यौराले छोपेनन्। तर जब उनले परमेश्वरको मधुर र सुरिलो आवाज सुने तब उनले उहाँको उपस्थिति त्यहाँ भएको अनुभव गरे। अनि आफ्नो अनुहार पछ्यौराले छोप्न आफैलाई वाध्य तुल्याए। परमेश्वरप्रति आफ्नो श्रद्धाको साथै आफू डराएको एलियाले देखाएका थिए र आफू सुरक्षित हुन चाहेको उनले महशुस गरेका थिए।

शक्तिशाली हुरीबतास र दैविक प्रकोपले परमेश्वरको आत्माको असल चरित्र देखाउँदैन भनेर यलियाले थाहा पाउन जरुरत थियो। मधूर र सुरिलो आवाजमा परमेश्वर बोल्नु भएर एलियाले के गर्नुपर्छ भनेर

निर्देशन दिनुभएको थियो। यहि आवाजलाई एलिया पालन गर्न राजी भए।

परमेश्वरको आवाजलाई हामीले कसरी पहिचान गर्ने? अझ त्यो भन्दापनि उल्लेखनिय प्रश्न त यो छः के हामीले सुनेको आवाजको पालन गर्दछौं त? वा हाम्रो विवेकमा घन्काइरहेको परमेश्वरको मधूर र सुरिलो आवाज वा आह्वानलाई सुन्न के हामी इन्कार गर्दछौं? तपाईंको जवाफले तपाईंको मनलाई खोतल्दछ।

## २. पछ्योरा वा खास्टोको हस्तान्तरण (१ राजा १९:१९)

परमेश्वरले आफ्नो शक्ति कार्मेल पहाडमा अचम्म तरिकाले एलियाको मातहतमा प्रदर्शन गर्नुभएपछि रानीको धम्कीले भुमिगत भएको एलियाले परमेश्वरसँग गुनासो पोख्दछन्। उनी भन्छन्ः इस्रायल राज्यमा परमेश्वरलाई प्रेम गर्ने केवल उनीमात्र बाँकी छन्। एलियाको गुनासो वा कचकचलाई परमेश्वरले नसुनेको जस्तो गर्नुहुन्छ। तर जब एलियाले गुनासो पोखाइ सक्छन् तब परमेश्वरले उनलाई निर्देशन दिनुहुन्छ। दुई जना राजाहरू र एलिशालाई अभिषेक गर्न परमेश्वरले उनलाई अऱ्हाउनुहुन्छ।

परमेश्वरको आज्ञालाई शिरोपर गर्ने एलियाले निर्णय गर्दछन्। उनको उत्तराधिकारी खोज्न उनी निस्कन्छन्। उनी शाफतको खेतबारीमा जान्छन्। शाफत एलिशाका पिता थिए। एलिशाले खेत जोत्दैथियो। हुनसक्छ एलियाले हात हल्लाएर एलिशालाई बोलाउँदछन्। आफ्नो काम रोकेर एलिशाले एलियाको सन्देश सुन्दछन्।

खेत जोतीरहेका एलिशालाई एलियाले परमेश्वरको निम्ति कामगर्न कसरी नियुक्त गरेको पाउँछौं? हेर्नुहोसः १ राजा १९:१९।

त्यसवखत एलियाले ठ्याक्कै के शव्दहरू बोले अथवा उनको जवाफमा एलिशाले के जवाफ दिए भन्ने कुरा हामीलाई थाहा छैन। तर एलिशाले एलियाको आह्वानलाई स्विकार गरेको हामीलाई थाहा छ।

एलियाले आफ्नो खास्टो एलिशालाई ओढाइ दिन्छन्। एलिशा अब परमेश्वरको सेवक भएको त्यस खास्टो ओढेको कामले बताउँदछ (गन्ती २०:२८)। खास्टोको प्रतिक स्पष्ट छ। एलिशालाई अव पवित्र जीवन बिताउन खटाइएको थियो।

खास्टो वा लुगाहरू ओढ्यो भन्दैमा परमेश्वरलाई सेवा गर्न बोलाइएको हो भनेर सधैं भन्न मिल्दैन भनेर बाइबलले बताउँदछ। देहायका पदहरूले खास्टो वा ओढ्ने लुगाफाटालाई कस्तो प्रतिकको रूपमा प्रस्तुत गरेका छन्? हेर्नुहोस्ः अयूब १:२०, भजन १०९:२९, यहूदा २२,२३, २ सामुयल १०:३,४ र इजिकएल १६:१५,१६।

परमेश्वरप्रति बफादारी हुनु र उहाँले खटाएको काममा जिम्मेवारी हुनु एलियाको खास्टोले बताएको अर्थ हो। "आफ्नो उत्तराधिकारी खोज्न परमेश्वरले एलियालाई अगुवाई गर्नुभएको थियो। हिँड्दै गर्दा एलिया एलिशाको खेतबारीमा आइपुगे, जहाँ उनी जोतीरहेका थिए। एलियाले आफ्नो पवित्र खास्टो एलिशालाई ओढाइदिए। खडेरी वा अनिकाल परेको बेलामा शाफतको परिवारले एलियाको काम र लक्ष्यलाई थाहापाएका थिए। र अब एलियाले खास्टो ओढाइदिएको अर्थ के रहेछ भनेर परमेश्वरको आत्माले एलिशालाई बुझाउनुभएको थियो। एलियाको उत्तराधिकारी अर्थात् उनले गर्ने काम र कर्तव्य आफ्नो काँधमा आएको छ भनेर एलिशाले महशूस गरेका थिए। एलिशालाई एलियाको जिम्मेवार हस्तान्तरण भएको छ भनेर देखाउने चिन्ह एलियाको खास्टो थियो।"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किन्गस्,* पृ. २१९,२२०बाट रूपान्तरित।

सानोतिनो चिजको अर्थ असल वा खराब हुनसक्छ भन्ने कुरालाई सोच्नुहोस्। त्यो चिजलाई कसरी प्रयोग गरिएको छ त्यसमा भर पर्दछ। तपाईंको आफ्नै जीवनलाई तपाईंले कसरी प्रयोग गरिरहनुएकोछ? आफ्नो जीवनमा पाएको वस्तुहरूलाई तपाईंले के गरिरहनुभएको छ? तपाईंले आफ्नो क्रियाकलापद्वारा मानिसहरूलाई कस्तो सन्देश

दिइरहनुभएकोछ? तपाईंको काम वा तपाईंको हातमा भएको वस्तु तपाईंको निम्ति के अर्थ भएर खडा भएको छ र किन?

## ३. बिलापमा लगाउने कपडा (१ राजा २१:२२-२९)

विभिन्न चलनचल्तीमा आवश्यकता अनुसार लुगा लगाउने महत्वपूर्ण चलन एलियाको कथामा पाउँछौं।

इस्रायलका राजा आहबले आफ्नो दरवारसँगै रहेको बारी अत्यन्त मन पराएका थिए। तर त्यो बारी आफ्नो नभएकोले त्यस बारीको धनीसँग किन्न चाहेका थिए। त्यो बारी जेजरिल प्रान्तको नाबोथ भन्ने व्यक्तिको थियो। त्यो पुर्खौली बारी थियो। राजालाई बेच्न उसलाई अनुरोध गरिएको थियो, तर त्यो बेच्न नाबोथले इन्कार गरे। तब निष्ठुर रानी जेजबेलले यो कुरा थाहापाइन्। जब नाबोथले आफ्नो पती राजा आहबको अनुरोधलाई अश्विकार गरे भनेर थाहापाइन त उनले उसको हत्या गर्न षडयन्त्र रचिन्। उसमाथी झुठो आरोप अर्थात् परमेश्वर र राजाको बदनाम गर्‍यो भनेर जनसमूह उसमाथी खनाउन लगाइन्। (परमेश्वरको बदनाम गर्‍यो भनेर आरोप लगाएर मार्ने चलन बर्तमान युगमा कतिपय मुसलमानदेशहरूमा अझै पनि छ)। रिसाएका जनसमूहले ढुँगाले हानेर त्यो निरिह नाबोथको मृत्यु भयो। अनि उसको बारी सरकारले जफथ गरेर राजाको बनाइन्। रानीको सफल षडयन्त्रबाट राजाले आफूले चाहेको बारी त पाए, तर षडयन्त्र गरि अनजान व्यक्तिको हत्या भएको जनसमूहबाट लुकेता पनि परमेश्वरबाट लुकेको थिएन भन्ने कुरा उनलाई थाहा थिएन। परमेश्वरले एलियालाई राजासँग भेट्न अऱ्हाउनुभयो।

उहाँले एलियालाई यो अऱ्हाउनुभयो "गएर राजालाई भन, "परमप्रभु परमेश्वर भन्नहुन्छ, 'के तिमीले मानिसको हत्या गरेनौ? के तिमीले त्यस मानिसको सम्पत्ति लुटेनौ?' अनि भन, "परमेश्वरले तिमीलाई यो श्राप दिनुहुन्छ, 'जुन जमिनमा नाबोथको रगलाई कुकुरहरूले चाट्यो त्यहि जमिनमा तिम्रो रगत पनि कुक्कुरहरूले

चाट्नेछन्। हो, म भन्दछु तिम्रो रगत !" (१ राजा २१:१९ रूपान्तरित)।

विभिन्न विषयहरू लिएर राजाको सामना गर्न एलियालाई खटाइएको थियो। शक्तिशाली राजाको अगाडि अप्रिय सन्देशहरू सुनाउनु पर्दा एलिया कतिपल्ट तनावमा थिए भन्नुमा अत्युक्ति नहोला। तर परमेश्वरको निर्देशनलाई पालन गर्न उनी सुरो भएका थिए। परमेश्वरको आदेशलाई मान्न उनी हिचकिचाएनन्। परमेश्वरले अऱ्हाउनुभएको काम गर्न जोखिमपूर्ण थियो भनेर उनलाई थाहा भएपनि त्यसलई पालन गर्न उनी महशूर भएका थिए। राजा आहबलाई परमेश्वरको श्राप सुनाउने काम सहज थिएन। विशेष गरेर राजाको रगतलाई कुक्कुरहरूले चाट्ने रे !

१ राजा २१:२१-२९मा राजा आहबले दिएको जवाफलाई हामीले कसरी वाख्या गर्ने? आहब कस्तो खालको मानिस थिए भनेर ती पदहरूले बताउँदछन्?

जब राजाले आफू र आफ्ना घरानाहरूमाथि परेको श्राप सुन्दछन्, तब उनी अत्यन्त दुःखी हुन्छन् र पछुताव गर्दछन् (१ राजा २१:२७)। उनले आफूले लगाएका लुगाहरू च्यात्छन् र उनले बिलापको कपडा ओढ्दछन्। खाना खान अश्विकार गर्दछन्। यस अध्यायको बाँकि अंशले राजाले पछुताव गरेको कुरालाई वाख्या गर्न खोजेको पाउँछौं। उनले हृदयदेखि नै पछुताव गरेको हुनुपर्दछ। आफ्नो पोसाक च्यात्नु भनेको अचाक्लि नै थियो। त्यसले उनी भयभित र दुःखित भएको देखाउँदछ। एलियाले भनेको सत्य कुरालाई स्विकार गरेको यस क्रियाकलापले देखाउँदछ। तर उनको पश्चाताप कत्तिको गहिरो थियो र कत्तिसम्म रहेको थियो भनेर ती पदहरूले भन्दैनन्। तर आफ्नो पोसाक च्याटेर देखाउँदा त्यसखत उनी मनदेखि पछुताउ गरेको भनेर देखाउँदछ।

"परमेश्वरबाट प्रेरित भएको पश्चातापले हामीलाई हाम्रो पापबाट फर्काउँछन् र उद्धार गर्दछन्। यसमा निश्चय नै हामी दुःखित हुनु

आवश्यक छैन। तर साँसारिक अपसोचले मृत्यु निम्त्याउँछ।" (२ कोरन्थी ७:१० रूपान्तरित)। यस पदको अर्थ के हो? यो अभिव्यक्तलाई हामीले हाम्रो जीवनमा चेतावनीको रूपमा कसरी प्रयोग गर्ने?

## ४. एलियाको स्वर्ग यात्रा (२ राजा २:१-१८)

एलियाको बारेमा जे भने पनि उनको जीवन रोचक नै थियो भन्नुपर्दछ। (उनको जीवन रमाइलोसाथ बिति रहेकै होला, यसमा शङ्का छैन)। दोश्रो राजा १ अध्यायले एलियाको बारेमा घतलाग्दो कथा भन्छ भने त्यसपछिको अर्को अध्यायले झन घतलाग्दो कथा एलियाको बारेमा उल्लेख गरेको पाउँछौं। "आगोको ज्वालामा अत्यन्त महिमित भएर उत्रै" भनेर कसैको बारेमा भन्नु पर्छ भने एलिया नै हुनुपर्दछ।

२ राजा २:१-१८ पढ्नुहोस् र देहायका प्रश्नहरूको जवाफ दिनुहोस्ः

क. वयोवृद्ध एलियाले एलिशालाई तिन पल्ट आफूबाट छुट्टिनु भनेर निर्देशन दिएका थिए। तर एलिशाले मानेनन्। किन होला?

ख. एलिशाले आफ्नो लुगा किन च्याते? के शोकको कारण वा अर्कै कूनै कारण? किन?

एलिशा भावूक र कृतज्ञ भएको उनको जवाफले देखाउँदछ। यसमा शङ्का गर्नुपर्ने ठाँउ छैन। एलियालाई लगेको बग्गी र घोडाहरू एलिशाले देखेकै थियो। एलियामा भएको शक्ति भन्दा दुई गुणा शक्ति उनमा हुने थियो। तर लुगा किन च्याते त? यसको अर्थ त एलिशा शोकित भएको देखाउँछ होइन र? तर यस समय एलिशा अत्यन्त भावूक भएका थिए र कृतज्ञताको भावनाले अभिप्रेरित भएर लुगा च्यातेको हुनुपर्दछ। एलियाको पछ्यौरा एलिशाको हातमा थियो। एलिशाले आफ्नो पछ्यौरा च्यातेको अर्थ उनले अब आफ्नो पछ्यौरालाई हटाएर एलियाको पछ्यौरा लगाउन राजी भएको हुनुपर्दछ।

जब एलियाले आफ्नो पछ्यौरा वा खास्टो एलिशालाई ओढाइ दिएका थिए तब दुवै जनालाई यो थाहा थियो, यसको अर्थ परमेश्वरले उहाँको कामको निम्ति एलिशालाई नियुक्त गर्नुभएको हो।(तर तत्कालिन एलिशाले त्यो खास्टोलाई फर्काएको हुनुपर्दछ)। अब एलिया स्वर्गमा उत्रेपछि उनको विशेष खास्टो आफ्नै हातमा परेको थियो। एलियाले बोकेका नेतृत्वको अभिभारा अब एलिशाको काँधमा हस्तान्तरित भएको यसको अर्थ हो।

एलिशाले एलियासँग के मागे, त्यो पनि सोच्नुहोस्। (यसले तपाईंलाई केको सम्झना गराउँछ?) एलिशाले व्यक्त गरेका शव्दहरूले उनको चरित्रको बारेमा भनेका थिए। यस संसारबाट उचालि लानुभन्दा पहिले महान् अगमवक्ता एलियाको पछ्यौरा एलिशाले ओढेकोले अब एलियाको योग्य उत्तराधिकारी एलिशा भएको पुष्टी गर्दछ।

हाम्रो बारेमा यस कथाले कस्तो वृस्तित चित्र देखाउँदछ? कतिपटक हामी संसारको बारेमा संकुचित दृष्टिकोण राख्दछौं, र परमेश्वर, येशू, स्वर्गदूत र हाम्रा नजिक रहेका प्रियजनहरूलाई विर्सन्छौं।

## ५. एलिशाको पछ्यौरा (२ राजा २:१३,१४)

२ राजा २:१३,१४ पढ्नुहोस्। यी पदहरूले कुन् कथालाई सम्झना गराउँछन्? यहाँ एक महत्वपूर्ण प्रतिक उल्लेख गरिएको छ, त्यो के हो?

२ राजा २:१५-१८ पढ्नुहोस्। यरिकोबाट आएका भविष्यवक्ताहरूको ठाँउमा आफूलाई राख्नुहोस्। एलियालाई स्वर्गमा आगोको बग्गीमा चढाएर लगेको थाहापाए पनि तिनीहरूले उनलाई किन भेट्टाउन खोजेका थिए?

एलियालाई स्वर्गमा लगिनेछ भन्ने कुरा ती भविष्यवक्ता वा परमेश्वरका सम्वाददाताहरूलाई थाहा थियो भनेर अघिल्लो पदहरूले उल्लेख गरेको हामीलाई थाहा छ। तर यो तिनीहरूको निम्ति चिन्ताको

विषय थिएन किनभने तिनीहरूलाई थाहा थियो परमेश्वरको आत्माले एलियालाई लग्नुभएको थियो। तर कहाँ लगिएको हो सो कुराको यकिन तिनीहरूलाई थिएन। एलिया कुनै पहाडमा वा बेसीमा घुमीरहेकोले त्यहाँ उनलाई भेट्टाउनेछ भनेर तिनीहरूले विश्वास गरेका थिए (पद १६)। कसैलाई स्वर्गमा लगिनेछ भन्ने धारणालाई स्विकार गर्न तिनीहरू तयार नभएको हुन सक्छ। परमेश्वरले एलियालाई के गर्नुभयो होला भनेर तिनीहरूले अनुमानै अनुमान गरेका थिए। एलियालाई भेट्टाउन कोशिष नगर्नु भनेर ती अगमवक्ताहरूलाई अऱ्हाएका थिए। तर तिनीहरू हठी थिए। तिनीहरूले एलियालाई खोज्न गए। एलियालाई भेट्टाउन नसक्दा उनलाई के भयो होला भनेर बुझ्न थालेको हुनसक्छ। तै पनि तिनीहरूमा केहि शङ्का अझै थियो। हुनसक्छ परमेश्वरले उनलाई कुनै पहाडको खोँच वा गुफा आदिमा लुकाउनुभयो होला जहाँ तिनीहरूले खोज्न पाएका थिएनन्।

हामीले जे अनुभव गरेतापनि वा जे आश्चर्यकाम देखेतापनि, हाम्रो जीवनको लक्ष्य त्यो हुनुहुन्दैन। किनभने अन्तमा हामीमा भएको आस्था वा विश्वासलाई हामीले देखाउनै पर्दछ। यदि त्यो देखाउन सकेनौं भने ढिलो वा चाँडो हाम्रो हृदयमा शङ्काले अड्डा जमाउनेछ र हाम्रो इसाई अनुभवलाई चुनौति दिनेछन्।

परमेश्वरसँग प्रभावकारी रूपमा भएको तपाईंको कुनै अनुभवलाई सोच्नुहोस्। त्यो अनुभवमा परमेश्वर तपाईंको नजिक भएकोमा कुनै शङ्का थिएन होला। त्यसले गर्दा तपाईंको विश्वास वा आस्था बलियो भएको हुनसक्छ। तर समयको चक्रमा त्यो अनुभव खुइलेर जान सक्छ। आफ्नो बिश्वासलाई सधैं जगाइ राख्न दैनिक रूपमा कुन प्रक्रिया अपनाउनु पर्दछ जसले गर्दा तपाईंको विश्वासलाई कसैले हल्लाउन सक्दैनन्।

## उपसँहार:

<u>थप जानकारीको निम्ति पढ्नुहोस्:</u> एलेन जी ह्वाइटद्वारा लिखित *पाट्रियार्क एण्ड प्रोफेटस*को पृष्ठ ८८को "सेथ एण्ड इनोक", *प्रोफेटस*

*एण्ड किन्गस*को पृ. १५५-१८९को “फ्रम जेजरिल टु होरेब", “ह्वाट डज दाउ हेएर?" र “इन द स्पिरित एण्ड पावर अभ एलिया"।

“मृत्युलाई नचाखिकनै एलियाले स्वर्ग जाने सौभाग्य पाएका थिए। येशू ख्रीष्टको दोश्रो आगमनमा जीवित भएर बस्ने भक्तहरूको उनले प्रतिनिधित्व गर्दछन्। परमेश्वरमा रूपान्तर वा परिवर्तन भएको व्यक्ति कस्तो हुनेछ भनेर पनि उनले प्रतिनिधित्व गर्दछ। ‘उहाँको आगमन अचानकसँग हुनेछ, आँखाको झमकमा हुनेछ। जब तुरहीका अन्तिम आवाज घन्किनेछ मरेकाहरू बिँउतिनेछन्........हामीहरूको नश्वर तथा सडेको शरीर परिवर्तन हुनेछन् र फेरि कहिलै पनि ती मर्नेछैनन् र कुहिने छैनन्।’ १ कोरन्थी (रूपान्तरित)। प्रभु येशू स्वर्गको तेजस्वीमयज्योतिले ढाक्नु हुनेछ। दोश्रोपल्ट सबैले देख्ने गरि उहाँ आउनुहुनेछ। त्यसबखत पापको पिडा उहाँले भोग्नुहुनेछैन। बरू उहाँलाई पर्खिनेहरूलाई राहत दिन र मुक्ति दिन उहाँ आउनुहुनेछ। पवित्र देवदूतहरूको साथमा परमेश्वरको महिमामा उहाँ आउनुहुनेछ (हिब्रू ९:२८, मर्कूस ८:३८ रूपान्तरित)।" एलेन जी ह्वाइट *द डिजायर अभ एजेज,* पृ. ४२२बाट रूपान्तरित।

**चिन्तनमनन्:**

क. परमेश्वरको सुमधुर र सुरिलो आवाजलाई सुनीरहन हामीले के गरीरहनुपर्दछ? हामीले यस्तो के कामहरू गर्दछौं जसले गर्दा त्यो आवाज सुन्न सक्दैनौं व सुन्न असम्भव हुनसक्छ? हठी वा जानानानी पापले गर्दा परमेश्वरको त्यो आवाज सुन्न किन हामी बहिरा हुन्छौं?

ख. मानौं तपाईंले असह्य हुने नैराश्यता वा पिडा खपीरहनुभएको छ रे ! एलियाले अनुभव गरेको झैं तपाईंले पनि परमेश्वर तपाईंको नजिक हुनुहुन्छ र

उहाँले तपाईंलाई हेरीरहनुभएको छ भन्ने विश्वासमा तपाईं कसरी यकिन भएर वस्ने?

ग. एलियाले आफ्नो खास्टो वा पछ्यौरा एलिशालाई दिएको अर्थ उनको सेवाकाय गर्ने अभिभारा एलिशाको काँधमा आएको थियो भनेर जनाउँछ। आजको सन्दर्भमा चर्चमा अगुवाहरूको बदललाई देखाउँछ। हाम्रो चर्चमा अगुवाहरूलाई चुन्ने प्रक्रिया कत्तिको प्रभावकारी छ? ठिक अगुवा हामीले चुनेकाछौं भनेर हामीले कसरी जान्ने? वा जान्न सक्छौं र?

घ. "परमेश्वरबाट प्रेरित भएको शोकले हामीलाई पापबाट फर्काउँछ र हामीलाई उद्धार गर्दछ। र त्यस प्रक्रियादेखि हामी निश्चय नै दुःखित छैनौं। तर सांसारिक दुःख मनाउले मृत्युलाई निम्त्याउँछन्।" (२ कोरन्थी ७:१० रूपान्तरित)। यसबारे चर्चापरिचर्चा गर्नुहोस्। यस पदको यथार्थ अर्थ के हो? सत्य दुःख मनाउ वा पश्वाताप र देखावटी दुःख मनाउ वा पश्चातापमा के फरक छ भनेर यस पदले हामीलाई सिकाउँदछ?

ङ. यस पुस्तकको विषयवस्तु नै पोसाक वा लुगाहरूको बारेमा छ। हामीले धेरै प्रतिकहरूको बारेमा पढिरहेकाछौं। प्रतिक, निशान वा चिन्हको अर्थ के हो? तिनीहरूले के अर्थ लगाउँछन्? प्रतिकहरूलाई हामीले कस्तो अर्थ दिने? ती अर्थहरूले हाम्रो बारेमा के भनीरहेका छन्?